का.जि.प्र.का.द.नं. १००/०५९/६०

३२ साउन २०८०,
बिहीबार
17 August 2023,
Thursday

मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २०३। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संसद खुलाउन राष्ट्रपति नै सक्रिय

प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्षदेखि प्रमुख विपक्षी दलको नेतासमेतलाई राष्ट्रपति भवन शितल निवासमै बोलाएर राष्ट्रपति पौडेलले संघीय संसदको गतिरोध अन्त्य गर्न ध्यानाकर्षण गराएका हुन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

संघीय संसदको दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभामा जारी अवरोध खुलाउन राष्ट्रपति रामचन्द्र पौडेलले नै पहल थालेका छन् । सभामुख, राष्ट्रिय सभाका अध्यक्षदेखि प्रमुख विपक्षी दलको नेतालाई राष्ट्रपति भवन शितल निवासमै बोलाएर पौडेलले संघीय संसदको गतिरोध अन्त्य गर्न ध्यानाकर्षण गरेका हुन् ।

साउन १० गते यता प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद बैठक चल्न दिएको छैन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहिरबाट गत साउन २ गते बरामद भएको सुनका विषयमा छानबिन गर्न उच्चस्तरीय समिति गठन गर्नुपर्ने अडान राख्दै एमालेले सदनमा लगातार अवरोध गर्दै आएको हो ।

एमालेको नाराबाजी र वेल घेराउले प्रतिनिधि सभा बैठक भदौ ३ गतेसम्म र राष्ट्रिय सभा बैठक भदौ ५ गतेसम्मका लागि स्थगित गरिएको छ । यसबीचमा संसदको गतिरोध हटाउन राष्ट्रपति पौडेलले पनि पहल थालेका हुन् ।

राष्ट्रपति पौडेलले बुधबार दिउँसो प्रमुख प्रतिपक्षी दलका नेता केपी शर्मा ओलीसँग शितलनिवासमा भेटवार्ता गरे । »» पृष्ठ २ मा



लामो समय संसद चल्न नसक्दा जनतामा नैराश्यता र संसदप्रति नै नकरात्मक प्रभाव पर्ने चिन्ता राष्ट्रपतिलाई छ । यसकारण पछिल्लो समयको भेटघाट सदनको गतिरोध अन्त्य गर्ने विषयमै केन्द्रित छ ।

**किरण पोखरेल**
**राष्ट्रपतिका प्रेस सल्लाहकार**

## सरकारको जबरजस्तीले संसद अवरुद्ध छ : एमाले



संसद अवरोध गर्नुहुँदैन, सत्तापक्षले जबरजस्ती संसद अवरोध गरिरहेको छ, यो अवरोध सत्तापक्षले नै खुलाउनुपर्छ ।

**केपी शर्मा ओली**
**अध्यक्ष, एमाले**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सरकारको जबर्जस्तीले संसद अवरुद्ध भएको बताउँछन् ।

राष्ट्रपति रामचन्द्र पौडेलसँग छलफलपछि अध्यक्ष ओलीले भेटमा राष्ट्रपति पौडेलले संसदा रहेको गतिरोध अन्त्य गर्नु राम्रो हुने भनेको बताए । साथमा उनले सत्तापक्षले जबर्जस्ती संसद अवरुद्ध पारेर राखेको र सत्तापक्षले नै संसद्को अवरोध खुलाउनुपर्ने बताए । 'संसद अवरोध गर्नुहुदैन, सत्तापक्षले »» पृष्ठ २ मा

## विपक्षीसँग संवाद गर्ने सत्तारुढ दलहरुको निर्णय

सत्तारुढ दलहरुले संसदको गतिरोध हटाउनका लागि विपक्षी दलसंग संवाद गर्ने निर्णय गरेका छन् ।

बुधबार सत्तारूढ दलहरूबीच संसद अवरोध खुलाउने विषयमा छलफल भएको थियो । प्रधानमन्त्री निवास बालुवाटारमा भएको बुधबार शीर्ष नेताहरुको बैठकमा संसदको गतिरोध खुलाउने विभिन्न विकल्पमा छलफल भएको छ ।

बैठकले संसदको गतिरोध खुलाउन प्रमुख प्रतिपक्षी दललगायत संसदमा प्रतिनिधित्व गर्ने दलसँग संवादको प्रक्रियालाई तीव्रता दिने निर्णय गरेको प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको »» पृष्ठ २ मा

## सत्ता टिकाउन अनेक चलखेल

सभामुखलाई राजीनामा गराएर सरकार निर्माण भएको कोशी प्रदेशमा सत्ता गठबन्धनले ज्येष्ठ सदस्यलाई मन्त्री बनाएको छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

कोशी प्रदेश सभाका ज्येष्ठ सदस्य गयानन्द मण्डल राज्यमन्त्री बनेका छन् । आफ्नो सत्ता टिकाउन मुख्यमन्त्री उद्धव थापाले मण्डललाई उद्योग, कृषि तथा सहकारी राज्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

मुख्यमन्त्री थापाले यसअघि सभामुखबाट राजीनामा दिएका माओवादीका बाबुराम गौतमलाई आर्थिक मामिलामन्त्रीमा नियुक्त गरेपछि कोशी प्रदेश सभामुखविहीन छ ।

उपसभामुख सृजना दनुवारको राजीनामा आएमा ज्येष्ठ सदस्यका हैसियतमा मण्डलले प्रदेश सभा बैठक सञ्चालन गर्नुपर्ने बाध्यात्मक अवस्थालाई टार्नका लागि गठबन्धनले रणनीतिक रुपमा मण्डललाई राज्यमन्त्री बनाएको हो ।

असार २१ गते मुख्यमन्त्री बनेका कांग्रेस नेता थापा साउन ११ गते सर्वोच्चको आदेशबाट बर्खास्तीमा परेका थिए । तर सभामुखलाई राजीनामा गराएर उनले फेरि साउन १६ गते मुख्यमन्त्रीको सपथ लिए थिए । त्यसबेला उनलाई कांग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जसपाका १ सहित ४७ सांसदको समर्थन मिलेको थियो ।

मुख्यमन्त्री थापाले अर्को हप्ता विश्वासको मत लिने तयारी गरेका छन् । संविधानअनुसार मुख्यमन्त्रीले नियुक्त भएको ३० दिनभित्र विश्वासको मत लिइसक्नु पर्छ ।

सभामुख गौतम राजीनामा दिएर मन्त्रीमा नियुक्त भएपछि अब प्रदेशसभाको बैठकको अध्यक्षताको जिम्मा एमालेबाट उपसभामुख रहेकी सर्जना दनुवारले लिनुपर्छ ।

विश्वासको मत लिने दिन उपसभामुख दनुवार अनुपस्थित भएमा ज्येष्ठ सदस्यको हैसियतमा मण्डलले बैठक चलाउनुपर्ने थियो । यस्तो हुँदा मुख्यमन्त्री थापालाई ४६ मात्रै सांसदको समर्थन मिल्थ्यो । बहुमतका लागि ४७ सांसदको समर्थन चाहिन्छ ।

यही अवस्था बुझेर सत्ता गठबन्धनले मण्डललाई मन्त्री बनाएको हो । तर मुख्यमन्त्री थापाले विश्वासको मत पाउन सक्ने निश्चित भैसकेको छैन । एमालेले पनि यस्तै रणनीति अपनाउने हो भने थापालाई विश्वासको मत जुट्न गाह्रो हुन्छ ।

मण्डल मन्त्री भएपछि अब प्रदेश सभामा ज्येष्ठ »» पृष्ठ २ मा

### शिक्षा ऐन संशोधनको विरोध

## सत्तारुढकै विद्यार्थी संगठन सडकमा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

शैक्षिक क्षेत्र सुधारको माग गर्दै बिभिन्न विद्यार्थी संगठनले सिठी फुकेर प्रदर्शन गरेका छन् । बुधबार अखिल (क्रान्तिकारी)सहित बिभिन्न ८ वटा विद्यार्थी संगठनले शैक्षिक क्षेत्र सुधारको माग गर्दै माइतीघरमा सिठी फुकेर विरोध प्रदर्शन गरेका हुन् ।

उनीहरुले शिक्षामा निजीकरण र व्यापारीकरणको अन्त्य हुनुपर्ने, शिक्षाको सम्पूर्ण दायित्व राज्यले वहन गर्नुपर्ने, संघीय शिक्षा ऐन जारी गर्नुपर्ने माग गरेका छन् । साथै, विश्वविद्यालय लगायत समग्र शैक्षिक क्षेत्रका समस्याहरुको दिर्घकालिन समाधान हुनुपर्ने माग राख्दै प्रर्दशन गरेका छन् ।

उनीहरूले विश्वविद्यालयमा दलीय भागबन्डाको अन्त्य गर, शिक्षित जनशक्ति बेरोजगार बन्नुपर्ने र शिक्षाका नाममा प्रतिभा र पुँजी पलायनको समस्या शिक्षा ऐनद्वारा समाधान गर, शिक्षाको पूर्ण दायित्व राज्यले बहन गर, लगायत नाराका प्लाकार्ड बोकेर माइतीघरमा विरोध प्रदर्शन गरेका हुन् ।




### वैदेशिक रोजगार विशेष

## विभागद्वारा दुई म्यानपावर कम्पनीलाई जरिवाना

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले पूर्व स्वीकृति नलिइ सामाजिक सञ्चालमा विज्ञापन प्रकाशित गरी राहदानी संकलन गरेको अभियोगमा दुई वटा म्यानपावर कम्पनीलाई जरिवाना गरेको छ ।

विभागले स्वीकृति बिना वैदेशिक रोजगार ऐनको दफा २१ विपरीत सामाजिक सञ्जालमा विज्ञापन प्रकाशित गरी वैदेशिक रोजगारीमा पठाउन राहदानी संकलन गरेको भन्दै दफा ५२ अनुसार क्यापिटल रिक्रुटमेन्ट सर्भिस प्रा.लि. इजाजत नम्बर ९२४/०६७/०६८ र इगल मेनवापर कन्सल्ट्यान्ट प्रा.लि. इजाजत नम्बर १६०६/०७९/०८० लाई जनही दुई लाख रुपैयाँ जरिवाना गरेको बताएको छ ।

ऐनको दफा २१ मा म्यानपावर कम्पनीले व्यक्तिगतरूपमा कामदार वैदेशिक रोजगारमा पठाउन प्रतिबन्ध लगाएको छ भने दफा ५२ मा त्यस्तो म्यानपावर कम्पनीको सञ्चालकलाई एक लाख रूपैयाँदेखि तीन लाख रूपैयाँसम्म जरिवाना वा लाइसेन्स खारेज वा दुवै सजाय हुने व्यवस्था छ ।

त्यसैगरी विभागले ऐनको दफा ४३ विपरीत हुने गरी सामाजिक सञ्जालमा वैदेशिक रोजगारसम्बन्धी विज्ञापन गरी भ्रम सिर्जना गरेको भन्दै ललितपुरका सुयान एजुकेसन प्रा.लि. र एलाईट टु वर्क ह्युमन रिसोर्स हस्पिटल एण्ड ट्रेडिङ सेन्टरमा छापा मारेको छ ।

विभागले ती दुवै संस्थालाई अनुसन्धानको दायरामा राखेको बताएको छ । विभागले इजाजत प्राप्त संस्थाबाट अनुमति लिएर मात्रै वैदेशिक रोजगार जानपनि आग्रह गरेको छ ।

विभागले केही समययता म्यानपावर कम्पनी सम्बन्धमा कडा रवैया देखाएको छ । यसअघि विभागले वैदेशिक रोजगारका क्रममा पीडितहरुलाई क्षतिपूर्ति नदिएको भन्दै डि स्क्वायर ग्रुप प्रा.लि. (१५०५/०७४/७५) र डिलक्स एचआर सोलुसन प्रा.लि. (९५६/०६७/६८) को इजाजतपत्र रद्द गरेको थियो ।

## अघि बढ्यो संघीय निजामती विधेयक



अर्थतन्त्रको सीमाभित्र रहेर कर्मचारीको माग सम्बोधन हुने गरी विधेयक ल्याइन्छ । मुलुकको अर्थतन्त्र ओरालो लागेका बेला कर्मचारीहरुले पनि आफ्नो माग सरकारसमक्ष थुपार्न मिल्दैन ।

**● पूर्णबहादुर खड्का**
**उपप्रधान तथा रक्षामन्त्री**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ साउन ।

सरकारले संघीय निजामती सेवा विधेयक अगाडि बढाएको छ । मंगलबारको मन्त्रिपरिषद बैठकले पारित गरेको विधेयक परामर्शका लागि लोक सेवा आयोगमा पठाइएको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसअघि नै विधेयकबारे कानून तथा अर्थ मन्त्रालयबाट सहमति लिइसकेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता एवं सहसचिव कमलप्रसाद भट्टराई भन्छन्, 'मन्त्रिपरिषदबाट परामर्शका लागि लोक सेवा आयोगमा पठाइएको जानकारीमा आएको छ । अब केही दिनमा सदनमा पेश होला ।'

उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले पनि निजामती विधेयक अघि बढेको जानकारी दिए । उनले अब एक साताभित्रै विधेयक सदनमा »» पृष्ठ २ मा

### टुक्का साहित्य समाजको वार्षिकोत्सव

# पुस्तक विमोचनसहित स्रष्टाहरु सम्मानित




काठमाडौं/मस- टुक्का साहित्य समाजले आफ्नो चौथो वार्षिकोत्सवको अवसरमा पुस्तक विमोचन तथा सम्मान समारोह सम्पन्न गरेको छ । नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यतामा समाजले वार्षिकोत्सवका साथै पुस्तक विमोचन तथा सम्मान समारोह सम्पन्न गरेको हो ।

सो अवसरमा प्रमुख अतिथि राईले कविहरूले अभिव्यक्त गर्ने नयाँ कला र चिन्तनको रूपमा टुक्का कवितालाई लिन सकिने बताए । उनले भने, 'कवितालाई जति टुक्र्याए पनि कविता नै रहन्छ । छोटोभन्दा छोटो उपक्रम वा अंशको रूपमा टुक्का कविता देखा परेको छ । यसको सैद्धान्तिकीकरणबारे बहस गर्दै मौलिक नेपाली काव्य उपविधाको रूपमा विकास गर्नुपर्छ ।'

यसैगरी विशिष्ट अतिथि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा काव्य विभाग प्रमुख बाबा बस्नेतले काव्यका उपविधाहरूमा हाइकुले जस्तै टुक्का कविताले पनि व्यापकता पाइसकेको बताए । उनले यसलाई विभिन्न भाषामा अनुवाद गरेर अन्तर्राष्ट्रिय तहसम्म पुर्‍याउन सक्नुपर्ने बताउँदै कविताका लघुत्तम स्वरूपबारे बहस गरेर निचोडमा पुग्नुपर्ने आवश्यकता रहेको बताए ।

यस्तै विशिष्ट अतिथि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा अनुवाद विभाग प्रमुख हंसावती कुर्मीले हाइकु जसरी हिमाल, पहाड र मधेशमा फैलिएको छ, त्यसरी नै टुक्का कविता फैलिनुपर्ने बताए ।

यसैगरी विशिष्ट अतिथि तथा नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य चेतनाथ धमलाले प्रयोगको रूपमा कविताका अनेकौं उपविधाहरू देखा परिरहेको बताए । उनले भने, 'यस सिलसिलामा टुक्का कविता पनि देखा परेको छ । छोटो अवधिमै नेपाली मौलिक टुक्का कविता कविहरू माझ लोकप्रिय बनेको छ ।यो नै खास उपलब्धि हो । टुक्का सैद्धान्तिक र सिर्जनात्मक मूल्यसहित हाइकुजसरी विश्वव्यापी हुने गरी अघि बढ्न सक्नुपर्छ ।'

समाजको वार्षिकोत्सवको अवसरमा ८४ जना स्रष्टा र द्रष्टाहरू सम्मानित भएका छन् । प्रमुख अतिथि राईले संयुक्त टुक्का संग्रहको दोस्रो संस्करण 'ऐतिहासिक टुक्का यात्रा', प्रथम व्यंग्यात्मक संयुक्त टुक्का संग्रह 'व्यंग्य कन्तुर', राजेन्द्र प्रधानकृत भारतीय प्रथम टुक्का संग्रह 'तरंगित छालहरू', स्यामराज राईकृत जापानी र बान्तवा राई भाषामा रचित 'महक' टुक्का संग्रह, पुष्पा राईकृत 'पुष्पश्री' प्रथम नारी टुक्का संग्रह, रामप्रसाद पुरीकृत 'टुक्का सुधा' र भगवती दवाडी (अधिकारी)कृत 'बन्धन' र नागेन्द्रप्रसाद यादवकृत अवधी कविता संग्रह 'कथरी'सहित ८ वटा कृतिको विमोचन गरे ।

यस्तै प्रमुख अतिथि राईले अरूणबहादुर खत्री 'नदी', पदमा शर्मा आँचल, निमा छिरिङ भुटिया, शर्मिला श्रेष्ठ, अच्युत घिमिरेलाई ऐतिहासिक प्रवल टुक्का साहित्य सम्मान-२०८० द्वारा पुरस्कृत गरे । यसैगरी प्रमुख अतिथि राईले राजेन्द्र प्रधान पासा, स्यामराज राई, रामप्रसाद पुरी, पुष्पा राई र भगवती दवाडीलाई 'टुक्का साहित्य समृद्धि सम्मान -२०८०'बाट सम्मान गरे ।

यसै सिलसिलामा डा. सावित्री श्रेष्ठ, डा. देवी पन्थी, वसन्त अनुभव, रचना शर्मा प्रतीक्षा, राजेशराज गड्तौला, चूडा निर्भीक, जमुना आचार्य, होमप्रसाद नेउपाने, बेदु नेउपाने, शोभा आचार्य गौतम, रामशरण न्यौपाने, अनिल खग्रास, नानीबाबा अधिकारी, जगत थापा, उषा केसी, श्रीकृष्ण शर्मा, विमुन्स पौडेल, रुपा रिसाल, रुपा पौडेल, नरेशलाल अमात्य र सुमिना तिमल्सिना 'टुक्का साहित्य प्रवर्द्धन सम्मान -२०८०'बाट सम्मानित भए ।

यसैक्रममा अनुग्रह राना मगर 'पुष्प', अम्बिका अधिकारी, अर्जुनप्रसाद चौलागाई, कमला देवकोटा, केशवप्रसाद ढकाल प्रीतबीज, कृष्णकुमारी क्षेत्री, गुणनिधि घिमिरे, डम्बर थामी 'अनुपम', दुर्गा आचार्य, दुर्गा भट्टराई, नवशिला, नागेन्द्रप्रसाद यादव, पवनकुमार बुढाथोकी, पुष्पा सुवेदी, प्रद्युम्न चालिसे, प्रमोद भट्टराई प्रतीक, प्रेम थापा 'मन', बाबुराम गौतम, बाबुराम पाण्डे, बुद्धिमान दनुवार, भेषकुमारी लामिछाने, मन्दिरा सेढाई, मित्र उराठी गौतम, रचना मोक्तान 'यात्री', रश्मी रिमाल, राजकुमार राजभण्डारी, राजेश्वरी राजोपाध्याय, रुना कर्माचार्य दाहाल, सन्जना शर्मा, सरिता सेढाई, सहयात्री शोभा अर्याल, सुरेशकुमार पाण्डे, साधना पौडेल, हन्नाह क्षेत्री, त्रिलोचन भण्डारी, गंगा खड्का, विक्रमतिरुवा सलिन, विनिता विश्वकर्मा, अरुणकुमार भुजेल, सुशीला पौडेल, रामकृष्ण दुवाडी, गोपालकृष्ण डंगोल, लक्ष्मी श्रेष्ठ, परिक्रमा श्रेष्ठ, धनुष न्यौपाने, ललिता अभागी, पुष्पाशायरा, विनोद रिजाल, चिरञ्जीवी ढकाल, इन्दिरा देवकोटा, घनश्याम पौडेल, पूर्णबहादुर श्रेष्ठ र कल्पना भण्डारीले टुक्काश्री साहित्य सम्मान-२०८० प्राप्त गरे ।

यसैगरी कल्पतरु द्वैमासिक, साहित्यपोस्ट डटकम, प्रभातफेरी साप्ताहिक, हिमालय दृष्टि र संसार न्युज डटकम गरी ५ वटा पत्रिका र अनलाइनलाईसमेत टुक्का समाजले सम्मान प्रदान गरेको थियो ।

यसै सिलसिलामा विशिष्ट अतिथि तथा समालोचक डा. देवी पन्थीले 'ऐतिहासिक टुक्का यात्रा (३९ जना सर्जकको संयुक्त टुक्का कवितासंग्रह)को समीक्षा गर्दै दुई हरफको लघुत्तम संरचनाभित्र रही अर्थपूर्ण र प्रतीकात्मक अभिव्यक्ति बोध भएको बताए ।

यसैगरी पुष्पा राईकृत 'पुष्पाश्री' टुक्का संग्रहको समीक्षा कृष्ण रानाले, स्यामराज राईकृत 'महक' टुक्का संग्रहको समीक्षा अरुण खत्री नदीले, भगवती दवाडीकृत 'बन्धन' टुक्का संग्रहको समीक्षा कृष्णशरण अधिकारीले, रामप्रसाद पुरीकृत टुक्का 'सुधा'को समीक्षा तीलमाया पुरीले, राजेन्द्र पासाकृत 'तरंगित छालहरू'को समीक्षा शरद प्रधानले र नागेन्द्रप्रसाद यादवकृत 'अवधी' कविता संग्रह कथरीको समीक्षा विक्रममणि त्रिपाठीले गरे ।

यस्तै वार्षिकोत्सवका अवसरमा समाजका सचिव जमुना आचार्य कोइरालाले प्रस्तुत गरेको सांगठनिक र कोषाध्यक्ष रचना शर्मा प्रतीक्षाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन पास भएको छ। यसैगरी कार्यक्रम समापन गर्दै समाजका अध्यक्ष तथा टुक्का कविताका प्रवर्तक ताराप्रसाद चापागाईंले टुक्का कविताको पृष्ठभूमि, इतिहास, विकास र संरचनाबारे बताए ।

टुक्का कविता प्रारम्भ २०७७ साल साउन २५ गतेबाट भएको हो । टुक्का दुई हरफमा बराबरी अक्षरमा रचिन्छ । नेपाली मौलिक लघुत्तम काव्य उपविधा टुक्का कविता लेखनप्रति कविहरूको आकर्षण बढ्नु लयात्मक र गेयात्मक पक्ष महत्वपूर्ण रहेको छ । यस टुक्का कविताको सिर्जना विभिन्न भाषामा अनुवाद भइ अन्तर ाष्ट्रियस्तरमा पुगेको चापागाईंले बताए । कार्यक्रममा समाजका उपाध्यक्ष वसन्त अनुभवले स्वागत मनतव्य राखेका थिए भने महासचिव चूडा निर्भिकले कार्यक्रम सञ्चालन गरेका थिए ।

# सडक बत्ती नबल्दा सकस

बिन्द्र राई/मध्यान्ह
उदयपुर, ३१ साउन



उदयपुरमा सडक बत्ती नबलेको लामो समय भयो । सडक बत्ती वर्षातसँगै बिजुली सर्ट हुने, बिग्रिने र समयमा मर्मत नहुँदा त्रियुगा नगरपालिका आसपासका ३, ४, ५, ६ र ७ वडा लगायत नगरको १६ वटै वडाहरुमा सडक बत्ती नबल्दा सकस भएको छ ।

त्रियुगा नगरपालिका वडा नं. ४ बगहा, फार्सेट, साल्घारी लाइन, लाइन टोल लगायत अधिकांश ठाउँहरुमा सडक बत्ती नबलेको एक महिना भयो ।

नगरमा ६ जना बिजुली प्राविधिक रहेपनि यो जनशक्ति न्यून रहेको त्रियुगा नगरपालिकाको सूचना तथा प्रविधि शाखा अन्तर्गत कार्यरत रुपक तिम्सिनाले बताए ।

तिम्सिनाले नगरको हरेक वडाहरुमा दुई जनाको समूह बनाएर तीन टोली परिचालन गरिँदै आएको र वर्षात लगायत अन्य कारणले ३, ४, ५, ६ र ७ लगायत नगरको अधिकांश सबै वडाहरुमा सडक बत्तीमा समस्या रहेको बताए । उनले वर्षातको समयमा बत्ती मर्मत गर्न जोखिम रहेकाले सुरक्षालाई मध्यनजर गर्दै पन्जा लगायत अन्य सुरक्षा सामग्री प्रयोग गरी टोली परिचालन गरिँदै आएको बताए ।

यसअघि त्रियुगा नगरपालिकामा इलेक्ट्रिसियन विभागमा करारमा कार्यरत बगहा ४ नम्बर वडा बस्ने वर्ष ४० का कैलाश राईको सडक बत्ती बनाउने क्रममा करेन्ट लागेर मृत्यु भएको थियो ।

बर्खाको समय रहेकाले सडक बत्ती मर्मतमा समस्या रहेको र त्यसको पहलसँगै मर्मत गरेर चाडै सडक बत्ती बालिने त्रियुगा नगर वडा नं.४ का वडा अध्यक्ष बद्री बस्नेतले बताए ।

प्राधिकरणले नगरको सडक बत्ती नहेर्ने जनाएसँगै विधुत प्राधिकरण घाटामा रहेकोले मर्मत गर्ने पक्षमा नरहेको विधुत प्राधिकरण उदयपुरको प्रमुख विजय बाबु खत्रीले मध्यान्हलाई बताए ।

खत्रीले नगरसँग पनि विधुत महसुलको बक्यौता बाँकी रहेकाले उठाउन पहल कदम भइरहेको बताए । नगरको सडक बत्तीमा वर्षातको कारणले सर्ट हुने, बिग्रिने समस्या भएसँगै मर्मत र जडानको लागि अति जोखिम रहेको त्रियुगा नगरपालिकाको नगरप्रमुख बसन्त कुमार बस्नेतले बताए । बस्नेतले जनशक्ति व्यवस्थापनसँगै बिजुलीको खतरालाई ध्यान दिँदै बिजुलीबाट बच्नको लागि बिजुली सुरक्षागार्ड सामग्रीको प्रयोगको साथ जनशक्ति परिचालनलाई ध्यान दिइएको बताए ।

# हुम्लामा पाँच दिनपछि हवाई सेवा सुचारु

ओबराज शाही/मध्यान्ह
हुम्ला, ३१ साउन



हिमाली जिल्ला हुम्ला लगायत २९ स्थानमा नेपाल नागरिक उड्डयन प्राधिकरणको नयाँ नियमले प्रभावित बनेको छ । बिहान १२ बजे अगाडि मौसम सफा नहुनु, १२ बजेपछि मौसम सफा भएपनि हवाई सञ्चालनमा नआउने गरेकाले हुम्लामा ठूलो असर परेको छ ।

यसैबीच हुम्लामा पाँच दिनपछि हवाई सेवा सञ्चालनमा आएको छ । बुधबार बिहानदेखि नै मौसममा सुधार आएपछि जिल्लामा हवाई सेवा सुचारु भएको हो । हवाई सुचारु हुँदा जिल्ला बाहिर जाने यात्रु र जिल्लाभित्र आउने यात्रुलाई केही सहज भएको छ ।

जिल्लामा दैनिक भन्सारमा चाहिने कुखुरा, मासु, माछा, भित्रिएको छ । प्राधिकरणको नयाँ नियमले मर्कामा परेका जिल्लाबासिलाई केही सहज भएको छ । जिल्लाको मौसम बिहानदेखि नै मौसम सफा भएपनि १२ बजेपछि भने हवाई सेवा सञ्चालन भएको छैन । दिनभर हवाई सञ्चालनको लागि जिल्लाका नागरिक समाज, राजनीतिक दलले नयाँ नियम परिवर्तनको माग राखे पनि त्यो भने लागू भएको छैन ।

**संसद...**

भेटवार्ता संसदको गतिरोध अन्त्य गर्ने विषयमा केन्द्रित रहेको थियो ।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार राष्ट्रपति पौडेलले सदनको गतिरोध अन्त्य गर्न अध्यक्ष ओलीलाई आग्रह गरेका छन् । 'मुख्यगरी सदनको गतिरोध अन्त्य गर्ने विषयमा उहाँहरूबीच कुराकानी केन्द्रित भयो' पोखरेलले भने, 'लामो समय संसद चल्न नसक्दा जनतामा नैराश्यता र संसदप्रति नै नकरात्मक प्रभाव पर्ने भएकोले गतिरोध अन्त्य गर्न राष्ट्रपतिज्यूले प्रमुख प्रतिपक्षी दलका नेता ओलीलाई ध्यानाकर्षण गराउनुभएको छ ।'

राष्ट्रपति पौडेलले सत्तापक्ष र प्रमुख प्रतिपक्षी दलका अन्य नेताहरूलाई समेत भेटेर विश्वासको वातावरण सिर्जना गरी सदन चल्ने वातावरण बनाउन पनि आग्रह गर्दै आएका छन् । एमालेले आफूहरूले भन्दा पनि सत्तारुढ दलहरु नै प्रमुख विपक्षीको माग वेवासता गरेर सदन चलाउन नचाहेको आरोप लगाउँदै आएको छ । यसअघि यही साउन २६ गते राष्ट्रपति पौडेलले सभामुख देवराज घिमिरे र राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासँग शितल निवासमै छलफल गरेका थिए । सभामुख र राष्ट्रिय सभा अध्यक्षसँग सदनको अवरोध खुलाउन भएका पहलबारे राष्ट्रपतिले जानकारी लिएका थिए । त्यसक्रममा सभामुख र राष्ट्रिय सभा अध्यक्षले सदन खुलाउने पहल लिइदिन राष्ट्रपतिसमक्ष समेत आग्रह गरेका थिए । भेटमा सभामुख घिमिरेले पटक-पटक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित सत्ता र प्रमुख प्रतिपक्षी दलका नेतासँग छलफल गरेको विषय राष्ट्रपतिलाई जानकारी गराएका थिए । उनले सदनको अवरोध खुलाउन राष्ट्रपतिबाट सहयोगको अपेक्षा गरेको दोहोर्‍याएका थिए ।

राष्ट्रपति पौडेलले साउन २५ गते प्रधानमन्त्री प्रचण्डसँग शितल निवासमै भेटवार्ता गरेका थिए । ओलीले भने । राष्ट्रपति पौडेल र ओलीबीच करिब एक घन्टा छलफल भएको थियो ।

**विपक्षीसँग...**

सचिवालयले जनाएको छ । बैठकमा प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल लगायत नेताहरु सहभागी थिए ।

**सत्ता...**

सदस्य एमालेका रोहितबहादुर कार्की छन् । मुख्यमन्त्री थापालाई विश्वासको मत पाउनबाट रोक्न एमालेले दनुवारलाई उपसभामुखबाट राजीनामा गराउन र ज्येष्ठ सदस्य कार्कीलाई बैठकमा अनुपस्थित गराउन सक्छ । अर्कोतर्फ राप्रपाले पनि गठबन्धनलाई साथ नदिने भनेको छ । यसो हुँदा कोशी प्रदेश सरकारको स्थितिर सुनिश्चित भएको छैन । बरु सत्ता टिकाउन गठबन्धन सभामुखलाई राजीनामा गराएर जेष्ठ सदस्यलाई बनाएर अघि बढेको छ । कुनै हालतमा वर्तमान सरकार फेर्ने एमाले प्रयासमा उपसभामुखको राजीनामा र जेष्ठ सदस्यलाई अनुपस्थित गराउने प्रयास छ ।

**अघि...**

पेश गरिने उनको भनाइ छ । नेपाल निजामती कर्मचारी युनियन केन्द्रीय कार्य समितिले बुधबार काठमाडौंमा गरेको कार्यक्रमलाई सम्बोधन गर्दै खड्काले अर्थतन्त्रको सीमाभित्र रहेर कर्मचारीको माग सम्बोधन हुने गरी विधेयक ल्याउने बताए । मुलुकको अर्थतन्त्र ओरालो लागेका बेला कर्मचारीहरुले पनि आफ्नो माग सरकार समक्ष थुपार्न नमिल्ने उनको भनाई थियो । उनी भन्छन्, 'अर्थतन्त्रको सीमाभित्र रहेर कर्मचारीको माग सम्बोधन हुने गरी विधेयक ल्याइन्छ । मुलुकको अर्थतन्त्र ओरालो लागेका बेला कर्मचारीहरुले पनि आफ्नो माग सरकार समक्ष थुपार्न मिल्दैन ।' उपप्रधानमन्त्री खड्काले संघीयतासँग जोडिएका संघीय शिक्षा ऐन, संघीय प्रहरी ऐन लगायतका ऐनहरुको निर्माण कार्यलाई पनि सरकारले प्राथमिकताका साथ अघि बढाएको बचाए । उपप्रधानमन्त्री खड्काले मुलुकमा विद्यमान समस्याहरु सरकार र सम्बन्धित पक्षको साझा समस्या भएकाले समाधानका लागि पनि दुवै पक्षबीच साझा पहल हुनुपर्ने बताए ।

**सरकारको ...**

जबरजस्ती संसद् अवरोध गरिरहेको छ, यो अवरोध सत्तापक्षले नै खुलाउनुपर्छ ।'

# पत्रकारहरु समाजको ऐना हुनुपर्छः उपसभामुख रानामगर




**काठमाडौं/मस–** प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा रानामगरले पत्रकारहरुले समाजमा भएका सत्य तथ्य घटनालाई जस्ताको तस्तै देखिने गरी समाजलाई देखाएर ऐनाको भुमिका निर्वाह गर्नुपर्ने बताएकी छिन् ।

बुधबार जनआकाश साप्ताहिकको १६ औं वार्षिकोत्सव, स्रष्टा सम्मान तथा 'कति राम्रो रामेछापको सिन' लोक गीतको लोकार्पण तथा सुसेली तीज गीत छनौट कार्यक्रममा प्रमुख अतिथिको आशनबाट बोल्दै रानामगरले पत्रकार कुनै पार्टी या समुहको लागि नभइ आम जनता र देशका लागि हुनुपर्ने बताइन् ।

लोक गीतको लोकार्पण गर्दै उपसभामुख रानामगरले जनआकाश मिडियाले ल्याएको लोकगीतले समग्र नेपालीहरुको मन जित्ने छ भन्दै प्रशंसा गरिन् ।

स्रष्टाहरुलाई सम्मान गर्दै उनले भनिन्, 'मै ले पनि ३३ वर्ष समाजसेवा गरेको कारण धेरै अवार्डहरु पाएँ, तर नेपाल सरकारले दिने अवार्ड कहिल्यै पाइन ।'

कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शान्तराम विडारीले जनआकाश साप्ताहिकलाई शुभकामना दिँदै जनआकाश जस्ता साना लगानीका मिडियाहरुलाई सरकारले संरक्षण गर्न नसक्दा अन्य ठूला भनिएका मिडियाले जे भ्रम छर्‍यो त्यो नै सत्य होकी भनेर जनताले पत्याउनुपर्ने अवस्था रहेको बताए । उनले यस्तो अवस्थाको अन्त्य गर्न स्वदेशी स्वनिर्भर पत्रपत्रिकालाई जोगाउन सरकारको मुख्य भूमिका हुनुपर्नेमा जोड दिए ।

शुभकामना दिने क्रममा टानका पूर्वअध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका कार्यसमिति सदस्य खुम बहादुर सुवेदीले व्यावसायीका समस्या निक्कै विकाराल रहेको उल्लेख गर्दै यसको समस्याको सावधान सरकारी पक्षबाट हुनुपर्ने र पर्यटनलाई प्राथमिकता दिएर नेपालको अर्थतन्त्र सुधार्न सकिने बताए ।

कार्यक्रममा वित्तीय, साहित्य, लोकगीत, मोडल, पत्रकारिता, समाजसेवी, बहुआयामिक प्रतिभा गरी १५ विद्याका व्यक्तित्वहरुलाई सम्मान तथा 'कति राम्रो रामेछापको सिन' गीतमा अभिनय गर्ने कलाकार, गायक, गायिका, संगीतकार, सुसेली तीज गीतमा भाग लिएका सुसेली साहित्यकारहरुलाई कदर-पत्र र विशिष्ट अतिथि, विशेष अतिथि तथा अतिथिहरुलाई मायाको चिनोले सम्मानित गरिएको थियो । कार्यक्रममा सभापतिको आशनबाट बोल्दै जनआकाश मिडियाका अध्यक्ष मोहन कार्कीले जनआकाश पत्रिका जनताको मुख पत्रको रुपमा जनताकै बोली बोल्नको लागि स्थापना भएको बताए ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मिति २०८०।०२।०८ गते पुत्तलीसडकबाट अनामनगरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको १०+२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

नाम: Karma Nurbu Sherpa
रजिष्ट्रेशन नं.: ७८३२५०३१०३२६
सिम्बोल नं.: ९२५०१०४१
फोन नं.: 9840573336

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२१ मा दर्ता कायम भएका **वैदिक इन्टरटेन्मेन्ट प्रा.लि. (प्रा.लि. नं. २६६९३६)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०४/३१ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०९/१३ मा दर्ता भएको **प्रा.लि. नं. २५१३१५** को **रुपाकोट बोयर बाख्रा फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अनुसुची-१५**
**(दफा ३३ को उप -दफा (२) सँग सम्बधिन्त)**
**काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रिको सूचना**
**प्रथम पटक सूचना प्रकाशन मितिः २०८०/०४/३१**

श्री मसिना सामुदायिक वन उपभोक्ता समुह बराहताल गा.पा.-८, सुर्खेतको सामुदायिक वनबाट २०८०/०८१ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको ए ग्रेड साल जातको गोलीया काठ १२ थानको २२२.५५ क्यूफिट काठ, बी ग्रेड साल जातको गोलिया काठ थान ३७ को ४४१.५७ क्यूफिट, सि ग्रेड साल जातको गोलिया काठ थान ८२ को ५३८.४१ क्यूफिट, डि ग्रेड साल जातको गोलिया काठ थान ११ को ३३.४० क्यूफिट गरी कुल गोलिया काठ थान १४२ को १२३५.९३ क्यूफिट, ए ग्रेड सल्लो जातको गोलिया काठ १ थानको १५.९२ क्युफिट, बी ग्रेड सल्लो जातको गोलिया काठ ११ थानको ९५.०७ क्यूफिट गरी कुल सल्लो जातको गोलिया काठ थान १२ को ११०.९९ क्यूफिट, ए ग्रेड असना जातको गोलिया काठ ७ थानको ११३.१० क्यूफिट, बी ग्रेड असना जातको गोलिया काठ थान २३ को २७२.५० क्यूफिट काठ, सी ग्रेड असना जातको गोलिया काठ ३२ थानको १६८.२५ क्यूफिट गरी कुल असना जातको गोलिया काठ ६२ थानको ५५३.८५ क्यूफिट, ए ग्रेड जामुन जातको गोलिया थान २ को ३५.२० क्यूफिट, बी ग्रेड जामुन जातको गोलिया काठ ४ थान ४७.३७ क्यूफिट, सि ग्रेड जामुन जातको गोलिया काठ थान २० को ९४.६६ क्यूफिट गरी कुल जामुन जातको गोलिया काठ थान २६ को १७७.२३ क्यूफिट र विभिन्न जातको काठ/दाउरा ४.३२ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराका सूचना यस मसिना सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बराहताल गा.पा.-८, सुर्खेत, लेखगाउँ सब वन डिभिजन र डि.व.का. सुर्खेतको सूचना पार्टीमा टाँस गरिएको छ ।

**श्री मसिना सामुदायिक वन उपभोक्ता समुह**
**बराहताल गा.पा.-८, सुर्खेत**

**UAE मा रोजगार** | कम्पनीः **KHIDMAH-SOLE PROPRIETORSHIP L.L.C.**
शहरः **UAE**

पूर्व स्वीकृत मितिः २०७९/०८/२९ चलानी नं.: ६०१९२३६७ L.T. No.: 276815 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 138 | 25 | स. काममा दक्ष | 800 | २८,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः **ORION SECURITY SERVICES LLC.** शहरः **UAE**
पूर्व स्वीकृत मितिः २०७८/०९/२३ चलानी नं.: ६०१७२३०८ L.T. No.: 255683 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sira Guard | 16 | 10 | स. काममा दक्ष | 1200 | ४३,२७२ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assd Guard | 29 | 7 | | 2000 | ७२,१२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ७ गते (24 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल जराफा ह्युमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.** श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोनः ०१-४५९८१६२, ४५९३८७८

**Cyprus मा महिला तथा पुरुषहरुलाइ रोजगारको अवसर**

कम्पनीः **Medeon International Placement Agency Ltd., Cyprus, Larnaca**
पूर्व स्वीकृती मिति २०७९।०८।२६ चलानी नं. ६०१९३९८५ LT.No. 277694 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook B | 03 | 0 | सम्बन्धित काममा दक्ष | 870 | १२६,५५०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Barmaid | 02 | 0 | | 800 | ११६,३६८।- | | | | | | | |
| 3 | Chambermaid | 0 | 02 | | 700 | १,०१,८२२।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

**अन्तर्वार्ता २०८० भाद्र ७ गते ( 24 August, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

**मलेसियामा रोजगार** कम्पनीः **KUKUH PADU SECURITY SERVICES SDN. BHD.**
शहरः **Malaysia, Kuala Lumpur**

पुर्व स्वीकृत मितिः २०७९/११/१६ चलानी नं.: ६०१९७२७७ L.T. No.: 281751 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० भदौ ७ गते (24 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic. No 1586/079/80
**HIMALAYAN GORKHA HR SOLUTION PVT LTD**
Pulchowk, Lalitpur, Nepal | Ph. No.: 01-5915660
Mobile: 9851168772 | 9849913982 | 9810274885
E-mail: himalaygorkha15@gmail.com | Website: www.himalaygorkhahr.com.np

# कर्णालीका अर्थमन्त्री सिंह र विपक्षी दलका नेता कँडेलबीच भेटवार्ता

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, ३१ साउन



कर्णाली प्रदेश सरकारका अर्थमन्त्री बेदराज सिंहले एमाले संसदीय दलका नेता यामलाल कँडेलसँग भेट गरेका छन् । बुधबार बिहानै अर्थमन्त्री सिंहले कँडेलकै निवासमा पुगेर भेट गरेका हुन् । मंगलबार नेकपा एमालेले विभिन्न विषय उठाउँदै सदन अवरुद्ध गरेपछि बुधबार बिहान सोही विषयमा छलफल गर्न अर्थमन्त्री सिंह कँडेलको निवासमा पुगेको अर्थमन्त्री सिंहको सचिवालयले जानकारी दिएको छ ।

अर्थमन्त्री सिंहले सदन र एमालेले संसदमा उठाएका विषयवस्तुबारे छलफल गरेका थिए । अर्थमन्त्री सिंहले अवरुद्ध सदन सञ्चालन, बाढी, पहिरो, डुबानले पारेको समस्या, त्यसको समाधान र कर्णालीको हवाई उडानका विषयमा छलफल भएको जानकारी दिए ।

जवाफमा नेता कँडेलले जनप्रतिनिधिका रूपमा जनसरोकारका विषय उठाएको बताए । अर्थमन्त्री सिँहले मध्यान्हसँग भने, 'म उहाँको निवासमा गएर भेट गरेको हो, हाम्रो भेटमा सदन अवरुद्धदेखि अन्य केही समसामयिक विषयमा छलफल भएको हो, उहाँले जनताका कुरा उठाउनुभएको छ, उहाँहरूले उठाएको कुरा स्वाभाविक पनि छ ।'

उनले विपक्षीले उठाएको विषयमा मुख्यमन्त्री राजकुमार शर्माले बिहीबार बस्ने बैठकमा सम्बोधन गर्ने बताए । यता हवाई उडानका विषयमा कर्णाली उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पत्र पठाइसकेको छ । नेता कँडेलले मन्त्रालयले मात्र नभइ संस्थागतरूपमा सरकारले क्याबिनेटबाट निर्णय गरी केन्द्र सरकारलाई अनुरोध गर्नुपर्ने बताए ।

# मिटरब्याजसम्बन्धी ३ सय ३४ वटा उजुरी फछ्र्यौट

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ३१ साउन




रौतहट जिल्ला प्रशासन कार्यालयमा अनुचित लेनदेन मिटरब्याजसम्बन्धी २ हजार ७८ उजुरीमध्ये ३ सय ३४ वटा फछ्र्यौट भएको छ । जिल्लाभरबाट प्रशासन कार्यालयमा मिटरब्याजसम्बन्धी परेका उजुरीहरु छलफलमा दुवै पक्षलाई राखेर फछ्र्यौट गरिएको हो ।

मिटरब्याजी अर्थात साहु महाजनबाट ३ सय ३४ जनाले विभिन्न प्रयोजनका लागि ५ करोड ५२ लाख ५६ हजार ५ सय रुपैयाँ ऋण लिएको पाइएको छ । उक्त रकमको साँवा र ब्याजसहित ऋणीहरुबाट साहुले १२ करोड ६८ लाख ८९ हजार ३ सय ३० रुपैयाँ पाउनुपर्ने माग दाबी गरीएको थियो । तर प्रशासन कार्यालयले दुवै पक्षलाई राखेर ७ करोड ५३ लाख १ हजार रुपैयाँमा मिलापत्र गराएको छ ।

प्रशासन कार्यालयले न्यायोचित एवम् सम्मानजनक तरिकाले कसैको दबाब वा प्रभावमा नपरी मुद्दाको टुंगो लगाउने कार्य गरेको सहायक प्रमुख जिल्ला अधिकारी मणिभुषण साहले बताए । उनका अनुसार दर्ता भएका ५ सयभन्दा बढी उजुरीमाथि छानबिन गर्दा ३ सय ३४ वटामा दुवै पक्षबीच सहमति भएको हो । अहिले पनि दैनिकरुपमा उजुरीमाथि छानबिन तथा अनुसन्धान गरी छलफलको माध्यमबाट सहमतिमा टुंगो लगाउने काम भइरहेको उनले जानकारी दिए ।

मिटरब्याजसम्बन्धी परेको उजुरीमा छानबिन गर्दा मिटरब्याजीहरुले ऋणीहरुलाई थोरै रकम दिएर त्यसबापत बढीको कपाली तमसुक गराएको, दोब्बर तेब्बरसम्म बढीको बैंक चेक र जग्गा जमिन, घर घडेरी धितोबापत आफना नाममा रजिस्ट्रेशन गराएको पाइएको उनले बताए । कसैकसैले एक लाख रुपैयाँको २० लाख भन्दा बढीसम्म रकम असुली गरिसकेको, तर पनि धितोबापत रजिस्ट्रेशन गराएका जग्गा पीडितलाई फिर्ता नगरेको भेटिएको छ ।

उजुरी छानबिनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम प्रयास गर्ने गरिएको प्रशासन कार्यालयले जनाएको छ । प्रशासन कार्यालयका अनुसार चर्को ब्याजदरमा लिएको रकम तिर्न नसकेपछि साहु मिटरब्याजीले जबरजस्ती हडपेका सर्वसाधारणको २ बिघाभन्दा बढी जग्गा सम्बन्धित व्यक्तिकै नाममा फिर्ता गराइएको छ ।

मिटरब्याजसम्बन्धी समस्या समाधान गर्नका लागि रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी साहको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट एक-एक जना प्रतिनिधि रहने गरी चार सदस्यीय समिति गठन गरिएको छ । सो समितिले जिल्लामा करिब ५ करोड रुपैयाँभन्दा बढी रकम उल्लेख गरिएका कपाली तमसुक पनि नष्ट गरिएको जनाएको छ ।

# विष्णुपुर गाउँपालिकाका दुई कर्मचारी घुससहित पक्राउ



पिन्टु यादव/मध्यान्ह
सप्तरी, ३१ साउन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सप्तरीको विष्णुपुर गाउँपालिकाका दुई कर्मचारीलाई घुससहित पक्राउ गरेको छ । बुधबार बिहान अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीको टोलीले विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र 'एमआइएस अपरेटर' बिरेन्द्र यादवलाई घुससहित नियन्त्रणमा लिएको हो ।

सोलार बत्ती जडान लगायत योजनाको भुक्तानीबापत सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनका आधारमा खटिइएको टोलीले 'एमआइएस अपरेटर' यादवलाई दुई लाख रुपैयाँ नगद र लेखापाल यादवलाई तीन लाख रुपैयाँको चेकसहित नियन्त्रणमा लिएको हो ।

लेखापाल यादव र एमआइएस अपरेटर यादवलाई राजविराज नगरपालिका-३ गजेन्द्र चौकबाट नियन्त्रणमा लिइएको आयोगले जनाएको छ । पक्राउ परेकामध्ये लेखापाल यादव सप्तरी अदालतका लेखापाल समेत रहेको पाइएको छ । दुवै कर्मचारीलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# रौतहटमा एक जना मृत अवस्थामा फेला

सागर संगम ठाकुर/मध्यान्ह
रौतहट, ३१ साउन

रौतहटमा एक जना मृत अवस्थामा फेला परेका छन् । उत्तरी भेग कटहरिया नगरपालिकाको वडा नम्बर ९ डुमारियाका बुनिलाल माझीका छोरा अन्दाजी २० वर्षीय टिमन भनिने रामआन्नदी माझीको शव गाउँकै झाडीमा फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।

माझीको शव बुधबार बिहान बलुवा गाउँको नजिकै रहेको झाडीमा फेला परेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि इलाका प्रहरी कार्यालय गरुडाका प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनाल नेतृत्वको टोली घटनास्थल पुगेको थियो । पोष्टमार्टमका लागि शव प्रादेशिक अस्पताल गौरमा पठाइएको र घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक खनालले बताए । यसअघि गौर नगरपालिका वडा नम्बर ८ पुरेन्वाका अन्दाजी ३५ वर्षीय प्रहरी हवलदार सुशील राउतको शव गौर पुलमुनिबाट मृत अवस्थामा फेला परेको थियो ।

## मध्यविन्दु नगरपालिका नवलपरासी (ब.सु.पू) द्वारा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति: २०८०/०४/३२

मध्यविन्दु नगरपालिका वडा नं १४ नवलपरासी (ब.सु पू) निवासी सुरा सिं ढेगाको नाती टेक बहादुर ढेगा मगरको छोरा भक्त बहादुर ढेगा मगरले दिएको निवेदन अनुसार मेरो बाजे सुरा सिं ढेगाको नाममा दर्ता कायम रहेको साविक वेनीमणीपुर वडा नं ७ कित्ता नं २८५ क्षेत्रफल ०-११-१३ को जग्गा धनि प्रमाण पूर्जा तत्कालिन श्री अरुणोदय बहुमुखी सहकारी संस्था लि. अरुणखोला को च.न.६४० मिति २०४९/३/२३ को जग्गा रोक्का पत्र मालपोत कार्यालय कावासोती नवलपरासी (ब.सु.पू) मा देखिन आएकोले हाल सम्म रोक्का रहेको र निवेदकको हजुरबुबा सुरा सिं ढेगा को मिति २०५३/५/१० मा र निवेदकको पिता टेक बहादुर ढेगा मगरको मिति २०५७/८/१ मृत्यु भै सकेको र उक्त जग्गा धनि पूर्जाबाट बैंक तथा वित्तिय संस्था, सहकारी संस्था काँहाबाट कति पैसा लिएको र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारीक प्रमाण फेला नपरेको, अरुणोदय बहुमुखी सहकारी संस्था लि. अरुणखोला हाल संचालनमा नरहेको र त्यसका संचालक समेत सर्म्पकमा नभएकोले मृतक सुरा सिं ढेगाबाट कुनै व्यक्ति, बैंक, वित्तिय संस्था सहकारी संस्थाहरुबाट असुल गर्न वा लिन पर्ने भएमा आफ्नो हकदावी सम्बन्धी आधिकारीक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र मध्यविन्दु नगरपालिकाको कार्यालय चोरमारा, वडा नं १० को कार्यालय अरुणखोला र वडा नं १४ को कार्यालय राकाचुलीमा निवेदन पेश गर्नुहुन हकदावी सम्बन्धी सूचना प्रकाशन गरिएको छ । अन्यथा जग्गा धनि प्रमाण पूर्जा फुकुवाको लागि सम्बन्धित निकायमा सिफारिस गरिने जानकारी गरिन्छ ।


Kuwait मा रोजगार — Glam & Glow Beauty Salon

पुर्व स्वीकृती मिति: २०८०/०४/३० | चलानी नं. ६०२०६२८१ | LT No.: 291017

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beautician | 0 | 1 | काममा दक्ष | 180 | ७८,२४५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० भदौ ७ गते (24 August, 2023) यस प्रा. लि. को कार्यालय धुम्बाराही, काठमाडौमा हुनेछ ।

Tiger Overseas Employment Services Pvt. Ltd.
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np
Govt Lic. No: 335/059/060



मलेसियामा रोजगारको अवसर | कम्पनी: IVO LIVING SDN BHD | शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०५/२२ | चलानी नं.: ६०१८७२०४ | LT. No.: 271226 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० भदौ ७ गते (24 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

J J Human Resource Pvt. Ltd.
Sinamangal-9, Manpower Bazar, Kathmandu
Tel : 4486825 | 4486826 | Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com
श्रम इजाजत नं.: १०४०/०७३/०७४



UAE मा वैदेशिक राजगारको अवसर

कम्पनी: IMDAAD LLC, UAE | शहर: UAE
पूर्व स्वीकृत मिति:२०८०/०६/०६ | चलानी नं.: ६०१६३५४४ | L.T. No.: 246303 | पून विज्ञापन

